नेपाल सरकार

गृह मन्त्रालय

# बागमती प्रदेश प्रहरी कार्यालय, हेटौंडा



**दर्जा:- प्रहरी नायव निरीक्षक**

**नामथर:- दिलिप कुमार यादव**

**कार्यरत:- बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडा।**

**कम्प्युटर कोड नं.:-**३६५३०८

**संकेत नं.:-** C-०००४५८७३

## BEST PROVINCE POLICE OF THE MONTH

बागमती प्रदेश प्रहरी गण, हेटौंडा दरबन्दी भई यस कार्यालयमा कार्यरत (कम्प्युटर कोड नं.३६५३०८, संकेत नं.C-०००४५८७३) प्र.ना.नि.दिलिप कुमार यादवले मिति २०८२।०९।०८ गते जिल्ला सिन्धुली तिनपाटन गाउँपालिका वडा नं.०३ कोलबोटे बस्ने वर्ष ५३ की टंकमाया बुढाथोकी हराएको घटनामा प्राविधिक अनुसन्धान सहायता समेतको लागी जिल्ला प्रहरी कार्यालय सिन्धुलीमा खटि गई मिति २०८२।०९।२० गते निज महिलाको मृत लास फेला पारी २ जना शंकित व्यक्तिहरूलाई पक्राउ गर्न अहम् भूमिका निर्वाह गरेको । मिति २०८२।०९।२९ गते अ.१९:३० बजेको समयमा जिल्ला सिन्धुली घ्याङलेख गाउँपालिका वडा नं.०२ हायुटार स्थितमा रहेको एस.बि.आई बैंकमा अपरिचित ५/७ जना व्यक्तिहरुको समूह आई सोही बैंकको गार्ड रुद्र बहादुर कार्की, बैंकका कर्मचारीहरू समेतलाई खुकुरी प्रहार गरी नियन्त्रणमा लिई नगद रु.३,०७,००,०००।- (तिन करोड सात लाख) लुटपाट गरी फरार भएको घटनामा प्राविधिक पक्षको विश्लेषण गरी लुटपाट गरेको रकम मध्ये रु.२,६८,५५,१७५।- (दुई करोड अठ्सठ्ठी लाख पचपन्न हजार एक सय पचहत्तर रुपैंया) नगद रकम सहित ७ जना शंकित व्यक्तिहरूलाई पक्राउ गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्नुको साथै यस बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडामा कार्यरत रहि कार्यालयको समग्र शाखाहरूको प्राविधिक विश्लेषण एवं आगामी प्रतिनिधि सभा सदस्य निर्वाचन २०८२ लाई स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गराउन निर्वाचन सेलमा समेत खटि त्रुटिरहित ढंगबाट कार्यसम्पादन गरिरहेको हुँदा निजबाट सम्पादित कार्यको उच्च मूल्याङ्कन गर्दै यसको निरन्तरताका साथै अन्य प्रहरी कर्मचारीहरु समेतलाई प्रोत्साहित गर्न निजलाई “महिनाको उत्कृष्ट प्रहरी छनौट कार्यविधि, २०७९” अनुसार २०८२ साल **पुस** महिनाको **“सर्वोत्कृष्ट प्रदेश प्रहरी (BEST PROVINCE POLICE OF THE MONTH)”** घोषणा गरिएको छ।

सर्वोत्कृष्ट प्रदेश प्रहरी हुनु भएकोमा हार्दिक बधाई छ।

**अरूण पौडेल**

**( प्रहरी नायव महानिरीक्षक )**

**बागमती प्रदेश प्रहरी कार्यालय, हेटौंडा**

**मिति:-२०८२ माघ ०६ गते।**